**ऐसेलुखर्क गाउँपालिकाको आ.व.२०७७/०७८ को नीति तथा कार्यक्रम**
**मिति २०७७ असार १० गते बजेट पेश :**

आदरणीय अध्यक्ष ज्यू, सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरु, हिमाल एफ एम बाट सुनिरहनु भएका सम्पूर्ण श्रोता एवं फेसबुकबाट प्रत्यक्ष रुपमा संसारका विभिन्न स्थानबाट हामीलाई प्रत्यक्ष हेरिरहनु भएका सम्पूर्ण महानुभावहरु,

ऐसेलुखर्क गाउँपालिकाको विकास र समृद्धिको ऐतिहासिक दस्तावेज यस गरिमामय सभा मार्फत प्रस्तुत गर्न पुन एकपटक म यहाँहरुमाझ उपस्थित भएकी छु ।

गणतन्त्र र संघीयताको परिणामको यो अवस्थामा मुलुकलाई ल्याई पुऱ्याउन प्राण उत्सर्ग गर्नुहुने महान सहिदहरु प्रति सम्मान प्रकट गर्न चाहन्छु, साथै घाईतेहरु प्रति सम्मान व्यक्त गर्दै शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

**सभाध्यक्ष महोदय,**

स्थानीय तहको निर्वाचन पश्चात निर्वाचित हामी मार्फत यस गाउँसभामा तेस्रो वर्षको बजेट पेश भई सकेको र कार्यान्वयन भइसकेको छ । आज म पहिलो कार्यकालको चौथो बार्षिक बजेट प्रस्तुत गर्न गई रहेको छु । यस सन्र्दभमा हामीले निर्वाचन मार्फत बाडेको ऐसेलुखर्क विकासको सपना पुरा गर्न समयको उत्तरार्धमा प्रवेश गरि सकेका छौ ।

विगतका तीन आर्थिक बर्षमा भएका विकासका योजना तथा कार्यक्रमलाई थप व्यवस्थित बनाउदै गाउँपालिकालाई दिगो पूर्वाधार युक्त एवं सम्भावना युक्त गाउँपालिका बनाउन अब ढिला गर्ने, आलटाल गर्ने, समय नरहेको यहाँहरु माझ पुनः स्मरण गराउन चाहन्छु । हामीले विनियोजन गरेको बजेट मार्फत संचालित योजनाहरुले ऐसेलुखर्कको नागरिकको जीवनस्तरमा कति सुधार आयो ? मनवविकासमा के सुधार आयो ? छरछिमेक र हामीमा के कस्तौ अन्तर एवं समानता रह्यो ? एवं हामीले लिएका नीति तथा कार्यक्रमले समृद्ध नेपाल सुखी नेपालको अभियानमा कति टेवा पुग्यो ? यही कुराहरु तपाई हामी सबै जनप्रतिनिधि एवं विकास प्रेमी नागरिकले बुझ्नुपर्ने आबश्यकता छ ।

**सभाध्यक्ष महोदय,**

नेपालको संविधानले हामीलाई दिएको अधिकारको प्रयोग र कार्यान्वयन गर्न समक्ष बन्दै जानु आजको सबै भन्दा प्रमुख चुनैती बन्दै गएको छ । संघीय एवं प्रादेशिक सरकारको अनुदानमा ऐसेलुखर्कको विकास आज सम्म निर्भर रहेको छ । यसो हुनाले गाउँपालिकाको

सर्वपक्षीय विकासलाई ठोस रुपमा अघि बढाउन नसकिनुको अबस्था छ । नमूना योग्य विकासका प्रयास हुदाहुदै पनि पर्याप्त बजेट अभावका कारण हामी हाम्रा प्रयास दिगो र आम जनमानसमा अनुभूत हुने किसिमले देखाउन सकेका छैनौं । करौडौं रकम बराबरको बजेट विनियोजन भई रहदा समेत आज हामी स्वयम् जनप्रतिनिधि एवं आम नागरिकले कष्टप्रद अनुभूती गरि रहेको स्पष्ट छ । विकासको प्रतिफल जनताले उपयोग वगर्न नसक्नु भनेको विकासका नाम बेइमानी गर्नु हो । यसर्थ हाम्रो तत्कालिन समयलाई मात्रै सोच्दै गरिने विकासको शैलीलाई परिवर्तन गरी दिर्घकालीन बनाउनु पर्ने भएको छ ।

**सभाध्यक्ष महोदय एवं गाउँसभा सदस्य ज्यूहरु,**

आगामी आ.व. २०७७/०७८ को वार्षिक बजेट प्रस्तुत गर्नुपूर्व म चालु आ.व. को हाल सम्मको बजेट कार्यान्वयनको समिक्षा गर्न चाहन्छु ।

## उपस्थित सम्पुर्ण महानुभावहरु

अव म आगामि आ.ब २०७६।२०७७ को अनुमानित आय र व्यय प्रस्तुत गर्नुपुर्व चालु आ.ब मा संच्चालित योजना तथा कार्य्रमहरु समिक्षा प्रस्तुत गर्न अनुमति चाहान्छु ।

चालु आ.ब २०७६।०७७ का लागि गत बर्ष २०७६ साल  असार २९  गते यही सम्मानित गाउँसभाबाट विनियोजित रकम रु ३१ करोड ९२ लाख ६१ हजार १ सय  मध्ये कतिपय योजना तथा कार्यक्रमहरु समयमा सम्पन्न नभएको कारणले करिब ८० लाख गाउँपालिकाको संचित कोषमा नै संचित हुने देखिन्छ । चालु  बर्ष चालु तर्फ कुल बजेट ५ करोड ६० लाख ।– मध्ये असार १० हाल सम्म ४   करोड २५ लाख ४ सय  ४३ खर्च भई करिब ७५ % खर्च भईसकेको देखिन्छ , पुजिगत १० करोड,  ८३ लाख,  ६१ हजार १ सय।– मध्ये असार १० सम्म ५,  करोड १५ लाख ५० हजार २ सय १२ रुपैया खर्च भई करिब ५७ % खर्च भई सकेको देखिन्छ । यस बर्ष संचालित बिषयगत योजनाहरुले यस गाउँपालिकाको समग्र बिकासमा सुधार ल्याएको छ। सडक पुर्वाधारहरुलाई प्राथमिकतामा राखेर गाउँपालिकाको केन्द्रसँग जोडिएको छ । महिला विकास समुद्ध कार्यक्रमहरु  ,कृषि र पशु विकासका कार्यक्रमहरु ,युवा स्वरोजगार तालिम ,शिक्षा क्षेत्रका सुधारका तालिम एंव गोष्ठि लगाएतका श्रेत्रगत कार्यक्रमहरुले तपाई हामि सबैलाई सकरात्म सन्देश फैलाएको छ । जीवनस्तरमा सुधार ल्याएको छ । यधपि पहिलो बर्ष भित्र जनशक्तिको, अनुगमन,उपभोक्ता समितिको लापरवाही लाई मध्यनजर गर्दे द्रोस्रो बर्षमा धेरै सुधार भई योजनाहरु समयमै सम्पन्न भएका छन् । तसर्थ आगमि आर्थिक बर्षमा अझै समयमा तालिका बनाएर हामी

योजना तथा कार्यक्रमहरु समय अगाडि नै पुरा गर्ने ,अपेक्षाकृत गुणस्तर र लागतमा सम्पन्न गर्ने बाताबरण तयार गर्ने आवश्यकता देखिएको छ ।

**सभाध्यक्ष महोदय**,

आ.व. २०७७/०७८ को बजेटको दीर्घकालीन सोच, उदेश्य एवं प्राथमिकता मैले यहाँ अघि नै सार्वजनिक गरि सकेको छु ।

दिगो पूर्वाधार युक्त गाउँपालिका निर्माण को आधार तयार गर्नु, जनताले परिवर्तन अनुभूत गर्ने विकासका योजनाहरु संचालन गर्नु एवं नागरिकमा स्थानीय सरकारको आभाष दिलाउनु नै हालको सर्न्दभमा हाम्रो प्रमुख लक्ष्य र गन्तव्य हो ।

सीमित पँजीगत विकास बजेटबाट अनेकौ क्षेत्रका विकासका इच्छा आकाङ्क्षा परिपूर्ति गर्नुपर्ने हाम्रो बाध्यता छ । गर्भ देखि चिहान सम्मको व्यवस्थापनको जिम्मा हामी माफ आएको छ । त्यसकारण पनि यो बजेट विनियोजन गर्ने कार्य असाध्यै जटिल र चुनौतीपूर्ण रहेकको म स्वीकार गर्दछु ।

संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त सर्शत अनुदानका कार्यक्रम कुल बजेटको दुई तिहाई भन्दा बढी हुने हुँदा हाम्रो आबश्यकतानुरुपको पुँजीगत बजेट करिब एक तिहाई मात्रै हुने हुन्छ । यसर्थ कुल बजेटको आकार ठुलो देखिएता पनि तपाई हामीलाई प्राप्त विकास बजेटको हिस्सा न्यून रहेकाले सबै वडाबाट, विषयगत समितिबाट, एवं अन्य पक्षबाट माग भएको योजना तथा कार्यक्रमलाई बजेट विनियोजन गर्न नसकिएको व्यहोरा म यहाँहरु माफ सादर जानकारी गराउन चाहन्छु ।

सभाध्यक्ष महोदय ,

२०७७ साल असार १० गते यस गरिमामय सभामा प्रस्तुत भएको गाउँपालिकाको नीति तथा कार्यक्रमलाई यस बजेटले सके सम्म सम्बोधन गर्ने र कार्यक्रमलाई सोही अनुरुप बजेट विनियोजन गरेको विश्वास दिलाउन चाहन्छु ।

अब म आ.व. २०७७/०७८ को बार्षिक बजेटको विस्तृत विवरण सार्वजनिक गर्न गई रहेको छु ।

**आय तर्फ**

- संघिय सरकारबाट प्राप्त सशर्त अनुदान - रु १९ करोड १५ लाख
- संघिय सरकारबाट वितीय समानिकरण अनुदान - रु ८ करोड
- संघिय सरकारबाट राजश्व वाँडफाड अनुदान- रु ६ करोड २६ लाख ७६ हजार १ सय ४०
- संघिय सरकारबाट समपूरक अनुदान रु - २ करोड
- प्रदेश सरकारको वितीय समानिकरण अनुदान - रु ६९ लाख ९४ हजार
- प्रदेश सरकारको सवारी साधन कर - रु ३० लाख ८४ हजार
- प्रदेश सरकारको सर्शत अनुदान रु - १ लाख
- प्रदेश सरकारके समपूरक अनुदान रु - १ करोड
- स्वीस सरकार साना सिचाई सर्शत कार्यक्रम सञ्चालन रु - २ करेड ३७ लाख ६ हजार ४ सय ८८
- चालु आ.बको ०७६।०७७ को अनुमानित रकम - रु ८० लाख
- आगमि बर्षको अनुमानित आन्तरिक श्रोत- २३ लाख ९२ हजार २ सय ५०
- **जम्मा बजेट ४० करोड ८४ लाख ५२ हजार ८ सय ७८**

**व्यय तर्फ**

सर्शत र समपूरक अनुदान कार्यक्रम तोकिए बमोजिम हुने -रु २२ करोड १६ लाख
स्वीस सरकार साना सिचाई सर्शत कार्यक्रम सञ्चालन रु - २ करेड ३७ लाख ६ हजार ४ सय ८८
चालु खर्च -रु ५ करोड ८२ लाख ७६ हजार १ सय ४०
पुजिगत खर्च -रु १० करोड ४८ लाख ७० हजार २ सय ५०

- **कुल व्यय ४० करोड ८४ लाख ५२ हजार ८ सय ७८**

**यसर्थ**

- यस गाउँपालिकाको आ.व. ०७७/०७८ को कुल बजेट **४० करोड ८४ लाख ५२ हजार ८ सय ७८** रहेको ब्यहोरायस सम्मानित सभामा जानकारी गराउदछु ।

सभाध्यक्ष महोदय, एंव गाउँसभा सदस्यज्यूहरु

बजेट तथा कार्यक्रमको विस्तृत बाँडफाडको विवरण यही असार २६ गते शुक्रबार बैठकमा पेश गरिनेछ ।